नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

कपिलवस्तु, तौलिहवा

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवास:- ०७६-५६०१७०
प्र.जि.अ. कक्ष:- ०७६-५६०१५९
कार्यालय:- ०७६-५६०१५८
कार्यालय:- ०७६-५६०२३०
कार्यालय:- ०७६-५६०११५
कार्यालय:- ०७६-५६०४४५

पत्र संख्या:-०७८।७९

मिति २०७८।०६।०५

## जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुको अनुरोध :

कोभिड-१९ संक्रमणका कारण मिति २०७८ बैशाख २१ गते देखि मिति २०७८।०३।२१ सम्म जारी निषेध आदेशका कारण यस कार्यालयबाट प्रदान गरिने नागरिकता प्रमाण पत्र, प्रतिलिपि तथा राहदानी वितरण जस्ता सेवा प्रवाह रोकिएकोमा मिति २०७८।०३।२२ देखि सेवा प्रवाह सुरु गरिएको । उक्त दिन देखि भाद्र मसान्तसम्म नागरिकता प्रमाण पत्र वितरण र राहदानी सम्बन्धी सेवा प्रवाह देहाय बमोजिम भएको ।

| क्र.सं. | विवरण | २०७८ असार (१६ गते देखि असार ३१ गते सम्म) | श्रावण | भदौ |
|---|---|---|---|---|
| १ | नयाँ नागरिकता प्रमाणपत्र वितरण | ३२८ | १७४४ | २४२६ |
| २ | प्रतिलिपि नागरिकता प्रमाणपत्र जारी | २२८ | ८१४ | ५६९ |
| ३ | राहदानी वितरण | ६९१ | ६२६ | १०१८ |

हाल जिल्ला प्रशासन कार्यालयबाट नयाँ नागरिकताको प्रमाणपत्र लिन, प्रतिलिपि नागरिकताको प्रमाणपत्र बनाउन तथा राहदानी बनाउन आउनेको अत्यधिक चाप रहेको छ । साथै राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गर्ने र फोटो सहितको मतदाता परिचय पत्र बनाउनका लागि पनि सेवाग्राहीको भिडभाड रहेको छ । कोभिड-१९ संक्रमण हालको अवस्थामा कम देखिएता पनि यसको जोखिम कायमै रहेको छ ।

नागरिकता प्रमाणपत्र बनाउन आवश्यक पर्ने अनुसूची फाराम, बावु, आमाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, जन्मदर्ता, शैक्षिक प्रमाण पत्र जस्ता पेश भएका कागजातहरुको अभिलेख सुरक्षित राख्न मिति २०७८।०१।०२ देखि अनिवार्य रुपमा स्क्यान गरी राख्ने प्रावधान रहेको छ । स्क्यान गरी अभिलेख राख्ने र नागरिकता सम्बन्धी सफ्टवेयरमा विवरण इन्ट्री गरी नागरिकताको प्रमाणपत्र जारी गर्दा यस कार्यालयबाट दैनिक औषतमा १०० वटा नयाँ नागरिकता प्रमाणपत्र जारी गर्न सकिएको अवस्था छ ।

सेवाग्राहीलाई सहज होस् भनी विहान ८:३० बजे देखि अपरान्ह ४ :०० बजे सम्म नयाँ नागरिकताको प्रमाणपत्र बनाउन आउने सेवाग्राहीले अनुसूची फाराम भरी आएका छन् भने कार्यालय खुल्ने दिनका लागि दैनिक १०० वटाका दरले सेवा लिन आउनु पर्ने दिन/ मिति उल्लेख गरी टोकन दिने गरिएको छ । टोकन लिनका लागि कुनै समस्या रहेको छैन । टोकनमा उल्लेख भएको दिनमा सेवा लिन आउँदा कानुनले तोकेका कागजातहरु र सनाखत गर्ने व्यक्तिलाई लिएर आउनु पर्ने हुन्छ । सेवाग्राहीलाई नागरिकता प्रमाणपत्र दिने कार्यलाई सहज बनाउन यस कार्यालय तत्पर रहेको छ । दरबन्दी अनुसारको कर्मचारीको पूर्ति नहुँदा र सेवाग्राहीको चाप बढेका कारणले सर्वसाधारणलाई पर्न गएको असुविधा प्रति कार्यालयमा कार्यरत कर्मचारीहरु गम्भीर छौं ।

निकट भविष्यमा राहदानी विभागले विद्युतीय राहदानी जारी गर्ने भएकोले १ वर्ष भन्दा बढी बहाल अवधि रहेका राहदानी नवीकरण नगर्ने । राहदानी लिन आउने सेवाग्राहीहरुको भिडभाड बढेका कारण कोरोनाको महामारीबाट बच्न अपनाउनुपर्ने स्वास्थ्य मापदण्डको पालनामा कठिनाई हुँदा कर्मचारीहरुलाई कोरोना संक्रमण भई सेवा प्रवाहमा असहज भएको र भिडभाड धेरै हुँदा सेवाग्राही बीच कोरोना संक्रमण बढ्ने खतरा समेत भएकोले अत्यावश्यक राहदानीको लागि मात्रै आवेदन भर्न सर्वसाधारणलाई जानकारी गराउन भनी राहदानी विभाग, नारायणहिटी, काठमाडौंको च.नं. ३२३ मिति २०७८।०६।०१ गतेको प्राप्त पत्रानुसार अनुरोध भै आएको छ । तसर्थ, अत्यावश्यक अवस्था परेको बाहेक द्रुत सेवा राहदानीको लागि नआउनु हुन समेत अनुरोध गरिन्छ । उक्त विभागको पत्र सूचना पाटीमा टाँस गरिएको छ । कार्यालयमा भएको भिडभाडको अवसर पारेर छिटो काम गरिदिन्छु भनी कुनै व्यक्तिले भनेमा वा प्रभाव पारेमा त्यस्ता व्यक्तिको पछि नलाग्न र कुनै समस्या वा अप्ठ्यारो छ भने सहायक प्रमुख जिल्ला अधिकारी वा प्रमुख जिल्ला अधिकारीलाई सिधै सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।